आज मिति २०८३ साल असार ८ गतेका दिन शारदा नगर पालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

श्री प्रकाश भण्डारी नगर प्रमुख शारदा नगरपालिका
श्री खगिसरा खापर्लीग नगर उप प्रमुख ,, —
श्री प्रदिप पाण्डेय वडाध्यक्ष वडा नं. १ ,, —
श्री सविन हमाल ,, — २ ,, —
श्री तुलराम भण्डारी ,, — ३ ,, —
श्री किशोर कुमार हमाल ,, — ४ ,, —
श्री प्रदिप शाही ,, — ५ ,, —
श्री गिरिराज बुढाथोकी ,, — ६ ,, —
श्री तिला बहादुर रोका ,, — ७ ,, —
श्री लक्ष्मण बुढाथोकी ,, — ८ ,, —
श्री हेमेन्द्र कुमार बुढाथोकी ,, — ९ ,, —
श्री कृष्ण बहादुर बोहरा ,, — १० ,, —
श्री यज्ञेश कुमार शर्मा ,, — ११ ,, —
श्री सुरेन्द्र बुढा ,, — १२ ,, —
श्री जंग बहादुर बुढा ,, — १३ ,, —
श्री प्रकाश पुन ,, — १४ ,, —
श्री नीलकान्त बुढाथोकी ,, — १५ ,, —
श्री रत्ना कुमारी बुढाथोकी नगर कार्यपालिका सदस्य
श्री मञ्जु परियार ,, —
श्री भगवती बोहरा ,, —
श्री इन्द्रा कुमारी डाँगी ,, —
श्री पुष्पा नेपाली ,, —
श्री माया पोखरेल ,, —
श्री प्रेम कुमार राई ,, —
श्री दिपक विश्वकर्मा ,, —
श्री हरिचन्द्र बुढा सचिव ,, —

लगायत आमन्त्रित का.वा अध्यक्ष लुर बहादुर बुढाथोकी

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान

कार्यपालिका बैठक संख्या नं. ६७ स्थानः- शारदा नगरपालिका नगर कार्यपालिकाको भवन

समयः- विहान ११:०० बजे मितिः- २०८३।०३।०८

**प्रस्तावहरुः-**

१. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धी छलफल सम्बन्धमा ।

२. "शारदा पत्रकारिता पुरस्कार" का लगि उम्मेद्वार छनौट सम्बन्धमा ।

३. ठेक्का सम्झौता म्याद थप सम्बन्धमा ।

४. अनुगमन समितिको प्रतिवेदन

५. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

६.संगठन तथा व्यवस्थापन सर्वेक्षण (ONM Survey) सञ्चालन गर्न पूर्व स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

७. विविध

०३/०८

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १

आर्थिक बर्ष २०८३/०८४ को १९ औं नगर अधिवेशन बैठक तयारीका लागि पेश भएको बार्षिक नीति तथा कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. २

शारदा नगरपालिकाद्वारा प्रथम पटक मिति २०८३/०२/२८ गते प्रकाशित सूचना बमोजिम "शारदा पत्रकारिता पुरस्कार" का लागि आवेदन दिएका उम्मेदवारहरू मध्येबाट, नगरपालिकाद्वारा गठित सिफारिस समितिले सिफारिस गरिएका १. श्री प्रदिप घर्तिमगर २. श्री अमृत कुमार बुढाथोकी ३. श्री दिपक कुमार शर्मा गरि तीन जना उम्मेदवारहरूले पेस गरेका सामग्रीहरूको गुणस्तर, प्रभावकारिता, व्यावसायिक योगदान तथा शारदा नगरपालिकामा सुशासन, विकास, सेवा प्रवाह, पारदर्शिता र जनचेतना अभिवृद्धिमा पत्रकारितामार्फत पुऱ्याएको योगदानका आधारमा विस्तृत छलफल गरी सिफारिस भएका उम्मेदवारहरू मध्येबाट तपसिलका पत्रकारलाई "शारदा पत्रकारिता पुरस्कार" प्रदान गर्ने गरी निर्णय गरियो।

तपसिल:
नाम: श्री प्रदीप घर्तीमगर
पुरस्कार : नगद रु. २५,०००/- (अक्षरेपी पच्चीस हजार रुपैयाँ मात्र) र प्रशंसा पत्र।

निर्णय नं ३
शारदा नगरपालिकाको आ.व. २०८२।०८३ मा स्वीकृत वार्षिक कार्यक्रमबाट सञ्चालित तथा संघीय सरकारबाट प्राप्त रकम वमोजिम सञ्चालित तपसिल वमोजिमका आयोजनाहरुको नियमानुसारको म्याद थप तथा रकम थप गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | फर्मको नाम | योजना क्रमागत आयोजनाको नाम | ठेक्का नं. | वडा नं. | सम्झौता रकमको भुक्तानि दिन बाकी रकम | म्याद थप गर्नुपर्ने समय | कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी कन्स्ट्रक्सन शारदा नगरपालिका वडा नं. ५ सल्यान | प्रशासकिय भवन पछाडी पर्खाल निर्माण र सवारी पार्किङ् टहरा निर्माण | SM0/NCB/01/082/083 | २ | १३ लाख | म्याद समाप्त भएको मिति देखि २०८३ श्रावन मसान्त | संघीय निर्वाचन र विश्व बजारमा इन्धन अभाव तथा निर्माण सामाग्रीको पर्याप्त उपलब्धता नभएको । | |
| २ | गौरव निर्माण सेवा शारदा नगरपालिका १ सल्यान | स्यानिखाल स्वास्थ्य चौकी भवन निर्माण शा.न.पा. १३ | SM0/NCB/WOORKS/03/082/083 | १३ | १४.५ लाख | म्याद समाप्त भएको मिति देखि | बजेट निकासा र टेण्डर प्रक्रिया ढिलो गरी भएको साथै | |

कार्यपालिका बैठक संख्या नं. ६७ मितिः २०८३।०३।०८

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ भदौ मसान्त | विश्व बजारमा इन्धन अभाव र कच्चा पदार्थ ढुङ्गा, गिट्टी, वालुवा पर्याप्त उपलब्धता नभएको। | |
| ३ | लक्ष्मी कन्स्ट्रक्सन शारदा नगरपालिका वडा न्. ५ सल्यान | Construction of Temple at Madhana park Ward No. 10 | SM0/NCB/0WORKS/1/082/083 | १० | ३४ लाख | म्याद समाप्त भएको मिति देखि २०८३ श्रावन मसान्त | संघीय निर्वाचन र विश्व बजारमा इन्धन अभाव तथा निर्माण सामाग्रीको पर्याप्त उपलब्धता नभएको। | |

निर्णय नं ४

शारदा नगरपालिकाका नगर उप प्रमुख श्री सुस्मिता सापकोटा सुनारले आर्थिक बर्ष २०८२/०८३ मिति २०८३ आषाढ ८ गते सम्म पेश गर्नुभएका नगरपालिका तर्फको र वडा स्तरीय आयोजना तथा कार्यक्रम गरी कुल जम्मा १८२ योजनाहरुको नगरपालिका स्तरीय र वडा स्तरीय प्राप्त अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ५

यस नगरपालिका तथा मातहत/अन्तर्गतका सबै कार्यालय, शाखा, वडा कार्यालय, स्वास्थ्य सेवा केन्द्र तथा अन्य सेवा केन्द्र/निकायहरूमा कार्यरत करारका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनका आधारमा मिति २०८३ श्रावण १ गतेदेखि २०८३ पौष मसान्तसम्मका लागि करार सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं ६

यस नगरपालिकाको विद्यमान संगठन संरचना तथा दरबन्दीको कार्यप्रकृति, कार्यबोझ, सेवा प्रवाह, कार्यसम्पादनको अवस्था, औचित्य एवं आवश्यकताको वस्तुगत अध्ययन, विश्लेषण तथा पुनरावलोकन गरी समयानुकूल, प्रभावकारी एवं आवश्यकताअनुकूल संगठनात्मक संरचना तथा दरबन्दी निर्धारण गर्न आवश्यक देखिएकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम शारदा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey–O & M Survey) सञ्चालन गर्न पूर्व स्वीकृति प्रदान गर्ने तथा सोसम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

कार्यपालिका बैठक संख्या नं. ६७ मितिः २०८३।०३।०८

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान

७. विविध.

क. शारदा नगरपालिका वडा नं. ९ को कार्यालय सहयोगी अनुपस्थित भई वडाको सेवा प्रवाह प्रभावित भएकाले नगर प्रमुख ज्यूको आदेश र अनुमतिबमोजिम दैनिक ज्यालादारी (डोर हाजिर) मा सुश्री बिपना बोहरालाई खटाई कामकाज गराइएकोमा निजले वडा कार्यालयमा सेवा प्रदान गरिसकेको र डोर हाजिर विवरण प्रमाणित भई आएको हुँदा, साविकमा भइसकेको ४ महिनाको पारिश्रमिक भुक्तानीलाई अनुमोदन तथा भुक्तानी हुन बाँकी रहेको अवधिको पारिश्रमिक सल्यान जिल्लाको आ.व. २०८२/०८३ को स्वीकृत ज्यामी दररेट रु. ७८०/- (सात सय असी) का दरले काम गरेको दिन गणना गरी, चालु आर्थिक वर्षको असार मसान्तभित्रै भुक्तानी दिन स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

ख. शारदा नगरपालिकामा भ्रमणमा आउने तथा यस नगरपालिकाका शुभ-चिन्तक व्यक्तीहरुलाई नगरपाललिकाको तर्फबाट सल्यानी खुकुरी उपहार स्वरुप प्रदान गर्दा भएको खर्च रकम रु ९५५००।- (अक्षरेपी पन्चानब्बे हजार पाँच सय) मात्र विविध शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

विविध

ग) यस नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालय र स्वास्थ्य कार्यालयहरूमा विगतदेखि नै **टेकमाइन्ड** नेटवर्क प्रा. लि. ले इन्टरनेट सेवा प्रदान गर्दै आएकोमा सोही कम्पनीबाट फाइबर नेटवर्कको पूर्वाधार विछयाइएको हुँदा, हाल अन्य सेवा प्रदायकसँग सम्झौता गरी सेवा लिँदा प्राविधिक कार्य पुनः गर्नुपर्ने भई **आर्थिक** भार समेत बढ्ने तथा इन्टरनेट सेवा लिने कार्यको निरन्तरतामा समेत **अवरोध** सिर्जना हुने हुँदा, उक्त **टेकमाइन्ड** नेटवर्क प्रा. लि. सगं मिति २०८३/०४/०१ मा गरेको सम्झौतालाई नै २०८४ असार मसान्त सम्म नवीकरण तथा सम्म्झौताको म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

०३/०८

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत